मिति २०७८/१२/१० गतेको सचिव बैठकको निर्णय-

१. सम्वत २०७९ वैशाख १ गतेदेखि प्रदेशस्थित सबै मन्त्रालय, सचिवालय, आयोग र तत् निकाय मातहत जिल्लास्थित सबै कार्यालयहरुमा अनिवार्य रुपमा विद्युतीय हाजिरी (E-attendance) प्रणाली सुरुवात कार्यान्वयन गर्ने ।

२. मन्त्रालय/निकाय र सो मातहतका कार्यालयको स्वामित्वमा रहेका पुराना र चालु हालतमा नरहेका सवारी सा र अन्य जिन्सी सामग्रीहरु मर्मतसम्भार गरी प्रयोगमा ल्याउने। मर्मतसम्भार गरी प्रयोगमा ल्याउन नसकिने नियमानुसार लिलामी प्रकृया अगाडि बढाउने ।

३. आर्थिक मामिला मन्त्रालयले सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्बन् मापदण्ड/कार्यविधि र एकीकृत कार्यविधिको मस्यौदा शीघ्र तयार गरी स्वीकृतिका लागि पेश गर्ने ।

४. सबै मन्त्रालय/निकायहरुले विगत आ.व.हरुको बेरुजु फर्छ्यौटलाई उच्च प्राथमिकता दिई आ.व. २०७७/० को हकमा आन्तरिक लेखा परीक्षणबाट औंल्याईएको विषय अन्तिम लेखापरीक्षण हुनु अगावै समाधान गरी बे कायम हुन नदिने। मन्त्रालय तहमा आन्तरिक नियन्त्रण समिति गठन गरी नियमित गर्नुपर्ने, प्रमाण पुर्याउनुपर्ने स फर्छ्यौट गर्न सकिने बेरुजुहरु घटाउन आवश्यक पहल गर्ने ।

५. प्रदेश सभामा लग्नुपर्ने विधेयकहरु मन्त्रिपरिषद्को स्वीकृतिका लागि शीघ्र मन्त्रिपरिषद् बैठकमा पेश गर्ने।

६. सम्वत २०७८ चैत्र महिनाभित्र सबै मन्त्रालयहरुले अनिवार्य रुपमा मन्त्रालयस्तरीय विकास समस्या समाध समिति (PMDAC) को बैठक बसी तत्पश्चात प्रदेश विकास समस्या समाधान समिति (PDAC) को बैठक आयोज गर्ने ।

७. प्रदेश सरकार स्थापना भएपश्चात चार वर्षको महत्वपुर्ण प्रगति समेटिएको पुस्तक प्रकाशन गर्ने प्रयोजनार्थ स मन्त्रालय/आयोग/सचिवालयले सम्बन्धित मन्त्रालयका माननीय मन्त्रीज्यूको राय सल्लाह र सुझाव समेत लि प्रदेश सरकार स्थापना भएदेखि २०७८ फागुन मसान्तसम्मको आ-आफ्नो निकायगत प्रगति विवर (कार्यक्रमहरुको तथ्य/तथ्यांक,तस्बिर, उपलब्धि आदि झल्किने गरी सफ्टकपि सहित) तयार गरी २०७८ चै मसान्तसम्म मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा उपलब्ध गराउने ।

प्रदेश सरकार सुदूरपश्चिम प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय धनगढी, कैलाली, नेपाल २०७४

२०७८/१२/१०

प्रमुख सचिव